# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४९ सालको ऐन नं १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : स्थानीय विकासको कार्यसङ्ग सम्बन्धित स्थानीय निकायहरुको प्रशासनिक एवं व्यवस्थापन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धी दक्षता अभिवृद्धि गर्ने उद्देश्यले त्यस्ता निकायहरुमा संलग्न व्यक्तिहरूलाई योजनाबद्ध तरीकाले प्रशिक्षणको व्यवस्था गर्न स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले दफा ७ बमोजिम गठन भएको परिषद् सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले दफा १० बमोजिम गठन भएको सञ्चालक समिति सम्झनु पर्छ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा १२ बमोजिम नियुक्त भएको वा तोकिएको प्रतिष्ठानको कार्यकारी निर्देशक सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "प्रशिक्षण केन्द्र" भन्नाले ग्रामीण विकास प्रशिक्षण केन्द्र, नगर विकास प्रशिक्षण केन्द्र तथा महिला विकास प्रशिक्षण केन्द्र सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. प्रतिष्ठानको स्थापना : स्थानीय विकास कार्यसङ्ग सम्बन्धित स्थानीय निकायहरूको प्रशासनिक एवं व्यवस्थापकीय विषयमा उच्चस्तरीय प्रशिक्षणको व्यवस्था गरी स्थानीय स्तरमा ती निकायहरूको संस्थागत विकासमा सघाउ पु-याउन स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएकोछ।

४. प्रतिष्ठान सङ्गठित संस्था हुने: (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) प्रतिष्ठानको सबै काम कारवाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. प्रतिष्ठानको कार्यालय : (१) प्रतिष्ठानको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(२) प्रतिष्ठानले आवश्यकतानुसार नेपाल अधिराज्यको पाँच विकास क्षेत्रको कुनै स्थानमा ग्रामीण विकास प्रशिक्षण केन्द्र, नगर विकास प्रशिक्षण केन्द्र तथा महिला विकास प्रशिक्षण केन्द्र स्थापना गर्न सक्नेछ।

६. प्रतिष्ठानको उद्देश्य : प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय विकास कार्यसङ्ग सम्बन्धित स्थानीय निकायका व्यक्तिहरूको लागि आवश्यक पर्ने प्रशिक्षणको व्यवस्था गर्ने,

(ख) प्रशिक्षण केन्द्रद्वारा सञ्चालन गरिने प्रशिक्षण कार्यक्रम सम्बन्धी अनुसन्धान गर्ने,

(ग) प्रशिक्षण केन्द्रद्वारा सञ्चालन गरिने प्रशिक्षण कार्यक्रमलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नको लागि समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।

७. परिषदको गठन : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरू रहेको परिषदको गठन हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 208

(क) स्थानीय विकास
मन्त्री वा
राज्य मन्त्री :-अध्यक्ष

(ख) स्थानीय विकास
सहायक मन्त्री :-उपाध्यक्ष

(ग) पाँच विकास क्षेत्रबाट
एक एक जना गरी
श्री ५ को सरकारबाट
मनोनीत राष्ट्रियसभाका
पाँचजना सदस्यहरू :-सदस्य

(घ) राष्ट्रिय योजना
आयोगका सदस्य
(स्थानीय विकास हेर्ने) :-सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय :-सदस्य

(च) सचिव, स्थानीय विकास
मन्त्रालय :-सदस्य

(छ) सचिव, शिक्षा, संस्कृति
तथा समाज कल्याण
मन्त्रालय :-सदस्य

(ज) सचिव, आवास तथा
भौतिक योजना मन्त्रालय :-सदस्य

(झ) सचिव, सामान्य प्रशासन
मन्त्रालय :-सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
205
मुद्रण विभाग

(ञ) जिल्ला विकास
समितिका सभापतिहरू
मध्ये पाँच विकास
क्षेत्रबाट एक एकजना
गरी श्री ५ को
सरकारबाट मनोनीत
पाँचजना सभापतिहरू -सदस्य

(ट) नगरपालिकाका
प्रमुखहरू मध्ये पाँच
विकास क्षेत्रबाट
एक एकजना गरी
श्री ५ को सरकारबाट
मनोनीत पाँचजना
प्रमुखहरू -सदस्य

(ठ) नेपाल अधिराज्यको
हिमाल, पहाड र
तराई क्षेत्रको
प्रतिनिधित्व हुने गरी
श्री ५ को सरकारबाट
मनोनीत गाउँ विकास
समितिका तीनजना
अध्यक्षहरू -सदस्य

(ड) कार्यकारी निर्देशक,
प्रतिष्ठान -सदस्य-सचिव

(२) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिषद्का सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) को खण्ड (ग), (ञ) (ट) र (ठ) बमोजिमका सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ।

(४) परिषद्ले आवश्यक देखेमा स्वदेशी तथा विदेशी विशेषज्ञहरूलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

८. <u>परिषदको बैठक र निर्णय</u> : (१) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्को बैठक साधारणतया वर्षको दुई पटक बस्नेछ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ। अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) बहुमतको निर्णय बैठकको निर्णय हुनेछ। बैठकमा बहुमत कायम हुन नसकेमा अध्यक्षले निर्णायात्मक मत दिन सक्नेछ।

(६) बैठकको निर्णय परिषद्को सदस्य-सचिवबाट प्रमाणित गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
206

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. परिषद्को काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक परिषद्को अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रशिक्षण केन्द्रद्वारा सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको नियम बनाउने,

(ग) प्रतिष्ठानको योजना तथा कार्यक्रमहरू स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगति सम्बन्धी समीक्षा एवं मूल्यांकन गर्ने र वार्षिक बजेट स्वीकृत गर्ने,

(ङ) कार्यकारी निर्देशक र समितिलाई आवश्यक निर्देशन दिने,

(च) प्रतिष्ठानको लागि आवश्यक पर्ने कर्मचारीहरूको दरबन्दी सिर्जना गर्ने,

(छ) प्रतिष्ठानको लागि आवश्यक पर्ने कर्मचारीहरू नियुक्त गर्ने,

(ज) तोकिए बमोजिमका अन्य कामहरू गर्ने।

१०. सञ्चालक समितिको गठन : (१) प्रतिष्ठानको उद्देश्य एवं नीति अनुरूप प्रशिक्षण सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

20C

कार्यक्रम सञ्चालन गर्नको लागि देहायका प्रशिक्षण केन्द्रहरूमा देहाय बमोजिमका सञ्चालक समितिहरू रहनेछन् :-

(क) ग्रामीण विकास प्रशिक्षण केन्द्र सञ्चालक समिति :

(१) श्री ५ को सरकारले तोकेको व्यक्ति :-अध्यक्ष

(२) ग्रामीण विकास प्रशिक्षण केन्द्र रहेको जिल्लाको जिल्ला विकास समितिको सभापति:-सदस्य

(३) ग्रामीण विकास प्रशिक्षण केन्द्र रहेको जिल्लाका क्याम्पस प्रमुखहरू वा उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू मध्ये परिषद्बाट मनोनित एक जना क्याम्पस प्रमुख वा प्रधानाध्यापक :-सदस्य

(४) प्रतिनिधि, स्थानीय विकास मन्त्रालय :-सदस्य

(५) प्रमुख, ग्रामीण विकास प्रशिक्षण केन्द्र सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नगर विकास प्रशिक्षण केन्द्र सञ्चालक समितिः

(१) श्री ५ को सरकारले तोकेको व्यक्ति -अध्यक्ष

(२) नगर विकास प्रशिक्षण केन्द्र रहेको नगरपालिकाको प्रमुख -सदस्य

(३) नगर विकास प्रशिक्षण केन्द्र रहेको नगरपालिकाका क्याम्पस प्रमुखहरू मध्ये परिषदबाट मनोनित एक जना क्याम्पस प्रमुख -सदस्य

(४) प्रतिनिधि, स्थानीय विकास मन्त्रालय -सदस्य

(५) प्रमुख, नगर विकास प्रशिक्षण केन्द्र -सदस्य-सचिव

(ग) महिला विकास प्रशिक्षण केन्द्र सञ्चालक समिति :

(१) श्री ५ को सरकारले तोकेको व्यक्ति -अध्यक्ष

(२) प्रतिनिधि, स्थानीय विकास मन्त्रालय -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. <u>समितिको बैठक</u> : (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षको कम्तीमा दुईपटक बस्नेछ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ। अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरूले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुराहरू समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रही बोर्डले गर्नु पर्ने सम्पूर्ण काम कारवाही गर्नु अधिकारहरूको प्रयोग तथा कर्तव्यको पालन गर्नु समितिको कर्तव्य हुनेछ।

(२) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये सबै वा कुनै अधिकार आवश्यकतानुसार कुनै सदस्य वा दफा ११ बमोजिमको उप-समिति वा बोर्डको कुनै अधिकृत कर्मचारीलाई सुम्पन्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
999

११. <u>उपसमिति गठन गर्न सक्ने</u> : (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ।

(२) उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

१२. <u>बोर्डको कोष</u> : (१) बोर्डको एउटा छुट्टै कोष हुनेछ।

(२) बोर्डको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट प्राप्त रकम,

(ग) चिया तथा कफी खेती र प्रशोधन सम्बन्धी परामर्श सेवा बापत प्राप्त हुने रकम,

(घ) चिया तथा कफीमा लगाइएको सेवा शुल्क (सेस)बाट प्राप्त रकम,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम।

(३) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट अनुदान रकम लिंदा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) बोर्डलाई प्राप्त हुने सबै रकम नेपाल अधिराज्यभित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) बोर्डद्वारा गर्नु पर्ने सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

१३. <u>लेखा र लेखापरीक्षण</u> : (१) बोर्डको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ।

(२) बोर्डको लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुनेछ।

१४. <u>कार्यकारी निर्देशक</u> : (१) बोर्डको प्रशासकीय प्रमुखको रूपमा एक कार्यकारी निर्देशक रहनेछ।

(२) श्री ५ को सरकारले कार्यकारी निर्देशक पदमा उपयुक्त व्यक्तिलाई नियुक्ति गर्न वा तोक्न सक्नेछ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज पुनः बढीमा चार वर्षको लागि नियुक्त हुन वा तोकिन सक्नेछ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. <u>बोर्डको कर्मचारी</u> : (१) बोर्डले आफ्नो कार्य सञ्चालनको निमित्त आवश्यक कर्मचारी तोकिए बमोजिम नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्ने : बोर्डले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महीनाभित्र श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ।

१७. श्री ५ को सरकारसंग सम्पर्क : बोर्डले श्री ५ को सरकारसंग सम्पर्क राख्दा कृषि मंत्रालय मार्फत राख्नु पर्नेछ।

१८. बोर्डको विघटन : (१) कुनै मनासिब कारणबाट बोर्डलाई खारेज गर्ने गरी श्री ५ को सरकारले निर्णय गरेमा बोर्ड विघटन हुनेछ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएमा बोर्डको हक र दायित्व श्री ५ को सरकारमा सर्नेछ।

१९. विनियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ।

लालमोहर सदर मितिः– २०५०।२।२०।४

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



मुद्रकः– मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
११४

(३) महिला विकास प्रशिक्षण केन्द्र रहेको जिल्लाका महिला शिक्षकहरू मध्ये परिषद्बाट मनोनीत एकजना शिक्षक -सदस्य

(४) महिला विकास कार्यसङ्ग सम्बन्धित महिलाहरू मध्ये परिषदबाट मनोनीत एकजना महिला -सदस्य

(५) प्रमुख, महिला विकास प्रशिक्षण केन्द्र -सदस्य-सचिव

(२) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

(३) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ।

(४) परिषदबाट मनोनीत समितिका सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन्।

(५) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) समितिको बैठकको निमित्त आवश्यक पर्ने गणपूरक संख्या तथा अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय विकास कार्यसङ्ग सम्बन्धित व्यक्तिहरूको लागि उपयुक्त प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने,

(ख) अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) प्रशिक्षण केन्द्रको लागि आवश्यक कर्मचारीहरूको दरबन्दी सिर्जना गर्न परिषद्मा सिफारिश गर्ने,

(घ) प्रतिष्ठानको प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने काममा परिषदलाई सहयोग गर्ने,

(ङ) प्रशिक्षण केन्द्रको योजना, वार्षिक कार्यक्रम र बजेट तयार गरी परिषद्को स्वीकृतिको लागि प्रतिष्ठानमा पठाउने,

(च) प्रशिक्षणलाई कार्यक्रममूलक तथा व्यवहारिक बनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरूको सेवा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवधिक रूपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने,

(छ) प्रशिक्षण कार्यक्रमहरूको मूल्याङ्कन गर्ने,

(ज) यो ऐन र यस ऐन अन्तरगत बनेको नियमको अधीनमा रही प्रशिक्षण सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने, गराउने।

(२) समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१२. <u>प्रतिष्ठानका कर्मचारीहरू सम्बन्धी व्यवस्था</u> : (१) प्रतिष्ठानमा निम्न किसिमका कर्मचारीहरू रहनेछन्:-

(क) प्रशासकीय,

(ख) प्राध्यापन तथा अनुसन्धान।

(२) प्रतिष्ठानको प्रमुखको रूपमा एकजना कार्यकारी निर्देशक रहनेछ। श्री ५ को सरकारले प्रशिक्षण सम्बन्धी काममा विशेष अनुभव प्राप्त व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्न वा तोक्न सक्नेछ। निजको कार्यावधि पाँच वर्षको हुनेछ र श्री ५ को सरकारले चाहेमा निजको कार्यावधि पुनः बढीमा दुई वर्षका लागि थप गर्न सक्नेछ।

(३) प्रतिष्ठानमा आवश्यकतानुसार अन्य कर्मचारीहरू रहनेछन्।



292 अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कार्यकारी निर्देशक र प्रतिष्ठानका अन्य कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त एवं सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार : (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ग) परिषद्बाट स्वीकृत योजना तथा वार्षिक कार्यक्रमहरू कार्यान्वयन गराउने,

(घ) प्रशिक्षण केन्द्रको लागि स्वीकृत बजेट रकम निकासा दिने।

(२) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१४. प्रतिष्ठानको कोष : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा विदेशी संस्थाबाट प्राप्त अनुदान रकम,

(ग) कुनै व्यक्ति, संस्था वा सरकारबाट प्राप्त ऋण, चन्दा, सहायता, अनुदान वा दान दातव्यको रकम,

(घ) जिल्ला विकास समिति र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) प्रतिष्ठानले कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा विदेशी संस्थाबाट अनुदान रकम प्राप्त गर्नु अघि श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) प्रतिष्ठानलाई जुन कार्यक्रम वा कामको लागि रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रम वा काममा खर्च गर्नु पर्नेछ।

(५) प्रतिष्ठानले गर्नु पर्ने सबै खर्चहरू उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) सम्बन्धित प्रशिक्षण केन्द्रले आर्जन गरेको रकम तोकिए बमोजिम सोही प्रशिक्षण केन्द्रले पाउने गरी निकासा दिइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) प्रतिष्ठानलाई प्राप्त हुने सबै रकम प्रतिष्ठानको नाममा नेपाल अधिराज्यभित्रको कुनै बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(८) प्रतिष्ठानको कोष र खाताको सञ्चालन कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

१५. लेखा र लेखापरीक्षण : (१) प्रतिष्ठानको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ।

(२) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको कुनै दर्तावाला लेखापरीक्षकद्वारा हुनेछ।

(३) श्री ५ को सरकारले चाहेमा प्रतिष्ठानको हिसाब किताब सम्बन्धी कागजात र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जचाउन सक्नेछ।

१६. वार्षिक प्रतिवेदन : कार्यकारी निर्देशकले प्रतिष्ठानको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महीनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ।

१७. अधिकार प्रत्यायोजन : (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये सबै वा केही अधिकार आवश्यकतानुसार परिषदको कुनै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सदस्य, समिति, कार्यकारी निर्देशक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये सबै वा केही अधिकार प्रतिष्ठानको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१८. प्रतिवेदन प्रकाशित गरिने : प्रत्येक वर्ष प्रतिष्ठानको क्रियाकलाप सम्बन्धी प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशित गरिनेछ।

१९. श्री ५ को सरकारसङ्ग सम्पर्क : प्रतिष्ठानले श्री ५ को सरकारसङ्ग सम्पर्क राख्दा श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२०. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्तिको लागि परिषद्ले आवश्यक नियमहरू बनाउन सक्नेछ। यसरी बनाएको नियम श्री ५ को सरकारबाट स्वीकृत हुनु पर्नेछ।

२१. बचाउ : (१) श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय अन्तर्गतका स्थानीय विकास प्रशिक्षण केन्द्र, स्थानीय तथा नगर विकास प्रशिक्षण केन्द्र, महिला विकास प्रशिक्षण केन्द्र र तालीम सामग्री उत्पादन केन्द्रले गरी आएको काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमका केन्द्रहरूको सबै हक र दायित्व प्रतिष्ठानमा सर्नेछ।

(३) उपदफा (१) बमोजिमका केन्द्रहरूमा कार्यरत कर्मचारीहरू प्रतिष्ठानमा सर्नेछन्।

लालमोहर सदर मितिः– २०५०।२।३२।२

आज्ञाले,

वेदव्यास क्षेत्री

श्री ५ को सरकारको सचिव



मुद्रकः– मुद्रण विभाग, सिंहदरवार, काठमाडौं ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२९८